नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: 925

मितिः २०८२/०७/१३

नेपाल संवत् ११४६

विषयः खोपवाट बचाउन सकिने रोगहरुको निगरानीको संक्रमणकालीन योजना कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. २०८२/८३, च.नं. १४, मिति २०८२/०७/११ को खोपवाट बचाउन सकिने रोगहरुको निगरानीको संक्रमणकालीन योजना कार्यान्वयन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, रामशाहपथ, काठमाडौं।

श्री परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

रामशाहपथ, काठमाडौं

पत्र संख्या २०८२/०८३

च. नं. १४

मितिः २०८२/०७/११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

विषयः खोपवाट वचाउन सकिने रोगहरुको निगरानीको संक्रमणकालीन योजना कार्यान्वयन सम्वन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, यस मन्त्रालयको मिति २०८०/७/२२ को निर्णयअनुसार खोपबाट बचाउन सकिने रोगहरुको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना २०७९-२०८६) स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको सन्दर्भमा प्रत्येक स्थानीय तहमा तपसिल बमोजिमका कार्य गर्न जरुरी भएको हुँदा तहाँ मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा पत्राचारको लागि आदेशानुसार अनुरोध छ ।

तपशिल

- गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकामा १ जना र उपमहानगरपालिका /महानगरपालिका/ महानगरपालिकाको हरेक वडामा १-१ जना स्वास्थ्यकर्मीलाई खोपवाट वचाउन सकिने रोगहरुको निगरानी सम्वन्धी कार्यहरुको लागि सम्पर्क अधिकारी (Survelliance Focal Person) तोक्ने ।
- खोपवाट वचाउन सकिने रोगहरुको निगरानीको क्रममा शंकास्पद बिरामीको जाँच अनुसन्धान कार्यहरु गर्नको लागि प्रत्येक गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिकामा एकजना मेडिकल अधिकृत पहिचान गरी VPD Investigation Officer तोक्ने ।
- तोकिएको उपरोक्त अनुसारका Surveillance Focal Person र VPD Investigation Officer हरुलाई स्वास्थ्य सेवा बिभाग, परिवार कल्याण महाशाखाले अभिमुखीकरण/तालिम प्रदान गर्नेछ ।
- तोकिएका उपरोक्त अनुसारका Surveillance Focal Person र VPD Investigation Officer हरुको जानकारी र सम्पर्क विवरण सम्वन्धित जिल्ला, प्रदेश स्वास्थ्य निर्देशनालय/स्वास्थ्य मन्त्रालयमा र सम्वन्धित WHO-IPD कार्यालयमा उपलव्ध गर्ने/गराउने ।
- खोपवाट वचाउन सकिने रोगहरुको निगरानी सम्वन्धी कार्यहरु (सक्रिय खोजपडताल र निगरानी, शंकास्पद विरामीहरुको जाँच तथा अनुसन्धान, नमुना संकलन तथा ढुवानी आदि) का लागि आगामी आ.व.देखि संघीय श्रोतबाट विनियोजित वजेटमा अपुग वजेट स्थानीय तहबाट आवश्यकता अनुसार विनियोजन गर्ने/गराउने ।

पवित्रा ढकाल

शाखा अधिकृत

बोधार्थः

श्री परिवार कल्याण महाशाखा

स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।